# भाग-२

# खानेपानी तथा सरसफाई उपभोक्ता समिति र मुहाँन दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि,२०७८

## छत्रकोट गाउँपालिका

## चोयगा,गुल्मी

प्रस्तावनाः छत्रकोट गाउँपालिका क्षेत्र भित्र उपभोक्ता समिति मार्फत खानेपानी आयोजना सञ्चालन,व्यवस्थापन तथा मर्मत सम्भार गर्ने प्रयोजनका लागि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ उपदफा २ को(ध) ले दिएको अधिकार प्रयोग गरी खानेपानी तथा सरसफाई उपभोक्ता समिति र मुहान दर्ता सम्बन्धी काम कारवाहीलाई व्यवस्थित गर्न छत्रकोट गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**गाउँ कार्यपालिकाको मिति २०७८।१०।२५ गतेकोको वैठकवाट स्वीकृत।**

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१)यस कार्यविधिको नाम "छत्रकोट गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति र मुहान दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि,२०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-**

(क) "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ ।

(ख) "कार्यविधि" भन्नाले खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि,२०७८ लाई सम्झनु पर्दछ।

(ग) गाउँपालिका भन्नाले छत्रकोट गाउँपालिका सम्झनु पर्दछ।

(घ) वडा भन्नाले छत्रकोट गाउँपालिका भित्रका वडाहरु सम्झनु पर्दछ।

(ङ) "अध्यक्ष" भन्नाले गाउँपालिकको अध्यक्ष सम्झनु पदर्छ ।

(च) "उपाध्यक्ष" भन्नाले गाउँपालिकको अध्यक्ष सम्झनु पदर्छ ।

(छ) "उपभोक्ता समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन गरिने खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई सम्झनु पर्दछ।

(ज) "वडाध्यक्ष" भन्नाले छत्रकोट गाउँपालिकाको सम्बन्धित वडा अध्यक्षलाई सम्झनु पर्दछ।

(झ) मुहान/मुल भन्नाले गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानीको स्रोत सम्झनु पर्दछ।

(ञ) "दर्ता" भन्नाले यस कार्यविधि बमोजिम मूल र खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता हुने प्रकृयालाई सम्झनु पर्दछ।

(ट) "नविकरण" भन्नाले दर्ता भई सके पछि वार्षिक रुपमा गरिने नविकरणको प्रक्रियालाई सम्झनुपर्छ।

(ठ) "जलस्रोत" भन्नाले खानेपानीको स्थायी श्रोत रहेको स्थानलाई सम्झनुपर्छ।जसले मूल पनि जनाउँछ।

(ड) "खानेपानी तथा सरसफाई उपभोक्ता समिति र मुहान दर्ता गर्ने अधिकारी" भन्नाले प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको कर्मचारी सम्झनु पर्दछ।

## परिच्छेद-२

## (जलश्रोतको स्वामित्व र उपयोग व्यवस्था)

३. <u>**जलस्रोतको स्वामित्वः-**</u> ऐन कानुन वा अन्य सन्धि सम्झौतामा उल्लख भएकोमा बाहेक नेपालको सरहदभित्र रहेको जलश्रोतको स्वामित्व नेपाल सरकारमा निहित हुनेछ।

४. <u>**जलश्रोतको उपयोगः-**</u>

**१.** ऐनले स्पष्ट व्यवस्था गरेको बाहेक यस कार्यविधि बमोजिम अनुमति नलिई वा प्राप्त नगरी कसैले पनि जलश्रोतको उपयोग गर्न पाउने छैन।तर यस अघि देखि परम्परागत रुपमा उपयोग गरि आएको वा प्रकृया पूरा गरि दर्ता भई उपयोग गरि आएको जलश्रोतको उपयोगको सम्बन्धमा यस कार्यविधिले बाधा पार्ने छैन।

२. उपदफा १ मा जे लेखिएको भएता पनि देहायको अवस्थामा अनुमति नलिएको कारण जलश्रोतको उपयोग गर्न बाधा पर्ने छैन।

अ) निजी/घरेलु प्रयोजनको लागि खानेपानी उपयोग गर्न।

आ) निजी जग्गामा रहेको पानीको श्रोतवाट सिँचाई,खानेपानी तथा अन्य घरेलु प्रयोजनका लागि उपयोग गर्न।

३. जलश्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले परम्परागत रुपमा उपयोग गरि आएको जलश्रोत उपयोगमा कुनै बाधा पर्ने छैन।

## परिच्छेद-३

## (खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन र दर्ता प्रक्रिया)

५. खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठनः-

१. यस कार्यविधि बमोजिम सामुहिक लाभका लागि संस्थागत रुपमा खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गर्नुपर्नेछ।

२. उपभोक्ता समिति गठन गर्न चाहने उपभोक्ताहरुले खानेपानी उपयोग गर्ने लाभान्वित परिवारका कम्तिमा एक जना सदस्यको उपस्थिति एवं गाउँपालिका वा वडाको प्रतिनिधिको रोहवरमा भेला गर्नुपर्नेछ।

३. उक्त भेलाले सर्वसम्मत वा बहुमतद्वारा उपभोक्ताहरु मध्येवाट १ जना अध्यक्ष सहित कम्तिमा ७ सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ।

४. उपभोक्ता समिति गठन गर्दा अध्यक्ष,कोषाध्यक्ष वा सचिव मध्ये कुनै एक पदमा महिलालाई अनिवार्य समावेश गराई कुल सदस्य संख्याको कम्तिमा ३३ प्रतिशत महिला सदस्य अनिवार्य हुनु पर्नेछ।

**५.** उपभोक्ता समिति गठन गर्दा एकाघर परिवारका एक सदस्य भन्दा वढी उक्त समितिमा रहन पाउने छैन।

६. उपभोक्ता समितिमा **निर्वाचित पदाधिकारी,बहालवाला कर्मचारी,शिक्षक वा लाभको पद धारण गरेका** कुनै पनि व्यक्ति रहन सक्ने छैन।यसै गरी बेरुजु कायम रहेका र आर्थिक अनियमिततामा संलग्न व्यक्तिहरु समितिको सदस्यमा रहन सक्ने छैनन्।

७. उपभोक्ता समिति सञ्चालनको छुट्टै विधान हुनुपर्नेछ।

६. खानेपानी तथा सरसफाई उपभोक्ता समिति संगठित संस्था हुनेः-

१. खानेपानी तथा सरसफाई उपभोक्ता समिति अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

२. सम्बन्धित उपभोक्ता समितिले आफ्नो विधान निर्माण गरि गाउँपालिकावाट स्वीकृत भएबमोजिम कार्यान्वयन गर्नुपर्नेछ।

३. खानेपानी तथा सरसफाई उपभोक्ता समितिको सबै काम कारबाहीको निमित्त आफ्नो छुट्टै छापको प्रयोग हुनेछ।

४. खानेपानी तथा सरसफाई उपभोक्ता समितिले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्ने,खरिद बिक्रि गर्न वा अन्य किसिमले आवश्यक व्यवस्था गर्न सक्नेछ।

५. खानेपानी तथा सरसफाई उपभोक्ता समितिले व्यक्ति सरह उजुर गर्न र उपभोक्ता समिति उपर समेत उजुर लाग्न सक्नेछ।

७. खानेपानीको प्राथमिकता तोकिनेः- जलश्रोतको उपयोग गर्दा सामान्यतया देहाय बमजिम प्राथमिकता निर्धारण गर्नुपर्नेछ।

(क) खानेपानी र घरेलु उपयोग

(ख) सिंचाई

(ग) पशु तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग

(घ) जलविद्युत

(ङ) घरेलु उद्योग

(च) औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग

(छ) जल यातायात र आमोद प्रमोदजन्य उपयोग

(ज) अन्य।

८. उपभोक्ता समिति र मूल/मुहान दर्ताको लागि आवश्यक कागजात सहित दरखास्त दिनुपर्नेः-

१. दफा ५ को उपदफा १ बमोजिम गठन गरिएको उपभोक्ता समितिलाई संस्थागत रुपमा दर्ता गर्न चाहने उपभोक्ताहरुले २

प्रति उपभोक्ता समितिको विधान सहित अनुसूची १ बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

२. खानेपानी तथा सरसफाई उपभोक्ता समितिले पेश गर्नुपर्ने विधानमा अन्य कुराहरुका अतिरिक्त कम्तिमा देहायका कुराहरु अनिवार्य उल्लेख गरेको हुनुपर्नेछ।

(क) उपभोक्ता समितिको पूरा नाम र ठेगाना

(ख) उद्देश्य र कार्यक्षेत्र

(ग) सदस्यका लागि आवश्यक योग्यता

(घ) सदस्यता शुल्क

(ङ) सदस्यको निस्कासन र राजिनामा

(च) हक दावी,नामसारी,हकवालाको मनोनयन

(छ) उपभोक्ता समितिको बैठक र साधारण सभा सम्बन्धी व्यवस्था

(ज) कार्य समितिका सदस्यहरुको निर्वाचन,काम,कर्तव्य र अधिकार

(झ) कार्य समितिको बहाल र पदावधि

(ञ) कोष संञ्चालन र लेखापरीक्षण व्यवस्था

(ट) विधान संशोधन

(ठ) विघटन

(ड) विविध

३. खानेपानी तथा सरसफाई उपभोक्ता समिति तथा मुहान संस्थागत रुपमा दर्ता गर्न चाहने उपभोक्ता समितिले निम्नानुसार कागजात संलग्न गरि पेश गरेको हुनुपर्नेछ।

(क) अनुसूचि १ बमोजिमको निवेदन

(ख) उपभोक्ता समितिका कार्यकारी सदस्यहरुले प्रत्येक पृष्ठको तल र माथि दुबैतिर दस्तखत गरेको प्रमाणित २ प्रति विधान

(ग) समितिका सदस्यको नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

(घ) उपभोक्ताहरुको आम भेलाले उपभोक्ता समिति गठन गरेको निर्णयको प्रमाणित प्रतिलिपी

(ङ) जलश्रोत रहेको तथा उपयोग गरिने क्षेत्रको अवस्था झल्किने स्केच नक्शा

(च) गाउँपालिकाले तोके बमोजिम दस्तुर बुझाएको नगदी रसिद,

(छ) खानेपानी श्रोत तथा उपभोक्ता समिति गठनमा कुनै विवाद छैन भन्ने खुलेको उपभोक्ता समिति तथा मुहान दर्ता गरिदिने सम्बन्धमा वडा कार्यालयको निर्णय सहितको सिफारिस पत्र

९. गाउँपालिकाको जलस्रोत समितिको गठन-

१. छत्रकोट गाउँपालिका भित्र रहेको जलस्रोत उपयोग आवश्यक अध्ययन,अनुसन्धान गर्ने एवं जलस्रोत उपयोगको सम्बन्धमा विवाद भएमा छलफल गरि निकास निकाल्ने तथा कार्यविधि बमोजिम दर्ता भएर तोकिए बमोजिम नगरेमा अनुमति पत्र

खारेज गर्ने प्रयोजनको लागि एक स्थानीय जलस्रोत समिति रहनेछ ।स्थानीय जलस्रोत समितिमा देहायका पदाधिकारी रहनेछन्।

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) उपाध्यक्ष-सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत-सदस्य

(घ) प्राविधिक शाखा प्रमुखः- सदस्य

(ङ) सम्बन्धित वडाको वडा अध्यक्ष-सदस्य

(च) सम्बन्धित वडाको कार्यपालिका सदस्य-सदस्य

(छ) योजना शाखा प्रमुख -सदस्य सचिव

२. आवश्यकता अनुसार सम्बन्धित वडाका वडा सदस्य तथा अन्य वडाका वडा अध्यक्षलाई आमन्त्रित गर्न सकिनेछ।

३. गाउँपालिकाको जलस्रोत समितिको काम कर्तव्य र अधिकारः

(क) मुहानको उपयोग सम्बन्धमा विवाद भएमा समाधान गर्ने तथा कार्यविधि बमोजिम दर्ता भएर तोकिए बमोजिम नगरेमा दर्ता प्रमाण पत्र तथा अनुमति पत्र खारेज गर्ने।

(ख) मुहानको उपयोग सम्बन्धमा समसामयिक अध्ययन,अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरि छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय समक्ष पेश गर्ने।

(ग) मुहान संरक्षणमा कुनै प्रश्न उठेमा वा विवाद उठेमा आवश्यक जाँचबुझ गरि विवाद मिलान गर्ने।

(घ) तोकिएबमोजिम अन्य कार्य गर्ने।

**१०.** जलस्रोत उपयोगका लागि सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेः-

**१.** दफा ८ को उपदफा ३ बमोजिम आवश्यक कागजात सहित उपभोक्ता समिति मार्फत खानेपानी तथा सरसफाई उपभोक्ता समिति र मुहान दर्ताको लागि कागजात पेश हुन आए पछि गाउँ कार्यपालिकाको कार्यालयले खानेपानी तथा सरसफाई उपभोक्ता समिति र मुहान दर्ताको निवेदन मुख्य दर्ता कितावमा दर्ता गरि सम्बन्धित सबैको जानकारीका लागि १ प्रति सम्बन्धित वडा कार्यालयमा र अर्को १ प्रति सम्बन्धित जलश्रोत(मूल) रहेको क्षेत्र नजिक बस्तीमा टाँस गर्ने गरि १५ दिने सार्वजनिक सूचना जारी गर्न पठाउनु पर्नेछ।सम्बन्धित एउटै वडामा गठन हुने उपभोक्ता समिति र मुल/मुहान दर्ताको लागि सम्बन्धित वडाले र दुई वा दुई भन्दा वढि वडामा सम्बन्धित विषयमा गाउँपालिकाले सूचना प्रकाशित गर्नुपर्नेछ।सूचनाको ढाँचा अनुसूची २ बमोजिम हुनेछ।

**२.** सम्बन्धित वडाले सूचना प्रकाशित गरेको अवस्थामा उपदफा १ बमोजिम सूचना टाँस गरि वडाको फेसबुक पेजमा समेत राख्नुपर्नेछ। साथै १ प्रति गाउँपालिकामा समेत पठाउनुपर्नेछ।गाउँ कार्यपालिकाको कार्यालयवाट १५ दिने सूचना प्राप्त हुन आएमा सम्बन्धित वडा सचिवले वडा कार्यालयको सूचना पाटीमा टाँस गरि गाउँ कार्यपालिकाको कार्यालयमा जानकारी पठाउनुपर्नेछ।

११. खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता प्रक्रिया तथा श्रोत उपयोगमा उजुरी दिन सकिनेः-

१. यसरी सूचना टाँस भए पछि उपभोक्ता समिति गठन प्रक्रया र जलस्रोत(मूल) का सम्बन्धमा कोही कसैको कुनै गुनासो वा उजुरी भएमा सूचना टाँस अवधि अर्थात् १५ दिनभित्र प्रमाण सहित सूचना जारी भएको वडा कार्यालयमा उजुरी दिन सकिनेछ। वडा कार्यालयले प्राप्त उजुरीको विवरण गाउँ कार्यपालिकाको कार्यालयमा पठाउनुपर्नेछ। साथै उजुरी नपरेको खण्डमा उजुरी/गुनासो नपरेको भनि सिफारिस पेश गर्नुपर्नेछ। तर गाउँपालिकावाट प्रकाशित सूचनाको हकमा गाउँपालिकाको कार्यालयमा उजुरी गुनासो दर्ता गराउनुपर्नेछ।

१२. उजुरी उपर सुनुवाई र उजुरी किनारा लगाउनेः-

१. यसरी परेको उजुरी उपर आवश्यक छानविन गरि निरुपण गर्ने दायित्व गाउँपालिकाको न्यायिक समितिको हुनेछ।

२. न्यायक समितिमा परेको उजुरी उपर १० दिनभित्र छिनोफानो गरिसक्नु पर्नेछ।

१३. पुनरावेदन दिन सकिनेः-

१. न्यायक समितिले छिनोफानो गरेको मुद्दाको सम्बन्धमा चित्त नबुझ्ने पक्षले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

१४. खानेपानी तथा उपभोक्ता समिति दर्ताः-

१. रितपूर्वक निवेदन उपर आवश्यक सबै प्रक्रिया पुरा भएपछि गाउँपालिकाको जलस्रोत समितिको बैठकले मुहान सहित खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता सम्बन्धी निर्णय गर्न सक्नेछ।.

२. गाउँपालिकाको जलस्रोत समितिवाट जलश्रोत(मूल) सहित खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता सम्बन्धमा निर्णय भईसकेपछि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीले निर्णयानुसार अनुसूचि ३ बमोजिमको ढाँचामा खानेपानी तथा सरसफाई उपभोक्ता समितिको दर्ता प्रमाण पत्र जारी गर्नुपर्नेछ।

३. दर्ता प्रमाण पत्रको शुल्क यस आ.व को लागि रु १०००।(एक हजार) र आगामी आ.वको लागि गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ।

१५. खानेपानी तथा सरसफाई उपभोक्ता समितिले दर्ता नविकरण गर्नु पर्नेः-

१. दर्ता भएको खानेपानी तथा सरसफाई उपभोक्ता समितिको दर्ता प्रमाण पत्र प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र नवीकरण गर्नुपर्नेछ।

२. दर्ता नविकरण गर्दा देहायबमोजिम कागजात पेश गर्नुपर्नेछ।

(क) उपभोक्ता समितिका अध्यक्ष वा सचिवको नवीकरण गरिपाउँ भन्ने व्यहोराको निवेदन - १ थान

(ख) उपभोक्ता समितिको बैठकवाट नवीकरण गर्ने गराउने सम्बन्धमा भएको निर्णयको प्रतिलिपी- १ थान

(ग) दर्ता प्रमाणपत्रको प्रतिलिपी- १ थान

(घ) बार्षिक आय व्यय सहितिको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी- १ थान

(ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस

**३.** उपभोक्ता समितिको नवीकरण दस्तुर यस आ.व को लागि रु ५०० (पाँच सय) र आगामी आ.वको लागि गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ।

४. तोकिएको समयभित्र दर्ता नवीकरण गर्न नआउने उपभोक्ता समितिलाई गाउँपालिकाले तोके बमोजिमको विलम्ब दस्तुर लिई नवीकरण गर्न सक्नेछ। तर यो कार्यविधि स्वीकृत भएको ३ महिना भित्र सूचना जारी गरि सूचना जारी गरिएको अवधि भित्र आउने उपभोक्ता समितिको दर्ता नविकरणमा भने बिलम्ब दस्तुर लाग्ने छैन।

## परिच्छेद-४

## (सेवा,शुल्क र दण्ड जरिवाना)

१६. खानेपानी तथा सरसफाई उपभोक्ता समितिले सेवा उपयोगका शर्तहरु तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउनेः-

१. उपभोक्ता समितिले आफुले संचालन गरेको खानेपानी आयोजनाको नियमित मर्मत सम्भार र हेरचाहका लागि लाभान्वित उपभोक्ताहरु सँगको आपसी सल्लाह र सहमतिमा सेवा शुल्क निर्धारण गर्न,संकलन गर्न तथा सेवा उपयोगका शर्तहरु तोक्न तथा आवश्यकता अनुसार दण्ड जरिवाना तोक्न तथा असुल उपर गर्न सक्नेछ।

१७. गाउँपालिकाले उपभोक्ता समितिसँग वार्षिक सेवा शुल्क लिन सक्नेः-

१. गाउँपालिकाले खानेपानी उपयोग गर्ने जनसंख्या र आम्दानीको आधारमा खानेपानी तथा सरसफाई उपभोक्ता समितिसँग वार्षिक सेवा शुल्क निर्धारण गरि लिन सक्नेछ।

२. सेवा शुल्क गाउँपालिकाले तोके बमोजिम हुनेछ।

१८. सेवा रोक्न सकिनेः-

१. उपभोक्ता समितिले तोके बमोजिमको सेवा शुल्क नतिर्ने उपभोक्ताहरुलाई उपभोक्ता समितिले र तोकिए बमोजिमको सेवा शुल्क नतिर्ने उपभोक्ता समितिलाई गाउँपालिकाले प्रदान गर्दै आएको सेवा रोक्न सक्नेछ।

२. यसरी रोक्का गरिएमा सम्बन्धित उपभोक्ता वा उपभोक्ता समितिले तोकिए बमोजिमको सेवा शुल्क तिरे पश्चात सेवा पुनःसुचारु गर्न सकिनेछ।

३. उपभोक्ता समितिले गरेको कार्यले आर्थिक अनियमितता वा अपचलन भएको भन्ने कुरा प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा कुनै पनि वेला आफु वा आफ्नो मातहतको कर्मचारी खटाई छानविन गर्न र आवश्यक परेमा आर्थिक कारोवार समेत रोक्का राख्न सक्नेछ।

## परिच्छेद-५

## (खानेपानी संरचना निर्माण र आवश्यक प्रक्रिया)

१९.खानेपानी तथा सरसफाई उपभोक्ता समितिले खानेपानी तथा तथा सरसफाई सम्बन्धी संरचना निर्माण गर्न सक्नेः- खानेपानी तथा सरसफाई उपभोक्ता समितिले खानेपानी तथा तथा सरसफाई सँग सम्बन्धित भौतिक पूर्वाधार निर्माण गर्न सक्नेछ। यसरी निर्माण गर्दा त्यस अघि निर्माण भई वा निर्माणाधिन अवस्थामा रहेका भौतिक पूर्वाधार निर्माणलाई कुनै असर पुऱ्याउन पाईनेछैन।

२०.अरुको घर जग्गामा प्रवेश गर्न सक्नेः-

१. खानेपानी तथा सरसफाई उपभोक्ता समितिले आयोजना संञ्चालनको लागि आवश्यक परेमा सम्बन्धित घर तथा जग्गा धनिको अनुमति वा सहमति लिई प्रवेश गर्न पाउने छ।

२. कसैको घर जग्गा उपयोग गर्नुपर्ने भएमा उपभोक्ता समितिले सम्बन्धित व्यक्तिलाई उचित क्षतिपूर्ति दिनु पर्नेछ।

३. उपभोक्ता समितिले आवश्यक पर्ने कार्यका लागि उपलब्ध गराउने क्षतिपूर्ति गाउँपालिकाले व्यहोर्न बाध्य हुनेछैन।

२१. खानेपानी सँग सम्बन्धित संरचनाहरुको मर्मत तथा सुरक्षाः-

१. उपभोक्ता समिति मार्फत निर्माण गरिएका खानेपानी तथा सरसफाईसँग सम्बन्धित भौतिक संरचनाहरुको नियमित मर्मत संहार तथा सुरक्षा गर्ने जिम्मेवारी उपभोक्ता समिति र उपभोक्ताहरुको हुनेछ।

२. उपभोक्ता समिति मार्फत निर्माण गरिएका खानेपानी तथा सरसफाईसँग सम्बन्धित भौतिक संरचनाहरुको सुरक्षा गर्ने दायित्व सम्बन्धित गाउँपालिकाको समेत हुनेछ।

## परिच्छेद-६

## (विविध)

२२. खानेपानी तथा सरसफाई उपभोक्ता समितिले खानेपानीको गुणस्तरीयता कायम गर्नु पर्नेः-मानव जिवनको लागि अति आवश्यक पर्ने र आम उपभोक्ताको स्वास्थ्य सँग सरोकार राख्ने खानेपानीको गुणस्तरीयताको सवालमा खानेपानी तथा सरसफाई उपभोक्ता समिति अत्यन्त सजग हुनु पर्नेछ। समय समयमा गुणस्तरीयताको सवालमा खानेपानी तथा सरसफाई उपभोक्ता समिति अत्यन्त सजग हुनु पर्नेछ। समय समयमा खानेपानीको गुणस्तरीयताको जाँच तथा गुणस्तरीयता कायम गर्नु सम्बन्धित खानेपानी तथा सरसफाई उपभोक्ता समितिको कर्तव्य हुनेछ।

२३.खानेपानी श्रोतमा प्रदुषित गर्न नहुनेः- खानेपानीको श्रोत तथा वरपरको क्षेत्रमा प्रदुषित गर्न पाईने छैन। यसरी प्रदुषित गरे गराएमा प्रदुषित गर्ने गराउनेलाई गाउँपालिकाले नियमानुसार कारवाही गर्नेछ।

२४. खानेपानी तथा सरसफाई उपभोक्ता समितिको दर्ता प्रमाण पत्रको स्वामित्व तथा हक हस्तान्तरण तथा विक्रि वितरण नहुनेः-

१. यस कार्यविधि बमोजिम दर्ता भएको खानेपानी तथा सरसफाई उपभोक्ता समितिको दर्ता प्रमाण पत्र सम्बन्धित उपभोक्ता समिति बाहेक अन्यन्त्र स्वामित्व तथा हक हस्तान्तरण र विक्रि गर्न पाईने छैन।

२५.उपभोक्ता समितिको कार्यक्षेत्र विस्तार हुन सक्नेः-

१. दर्ता भएको उपभोक्ता समितिले आवश्यकता अनुसार विधानमा उल्लेख भए बमोजिम आफ्नो कार्य क्षेत्र विस्तार गर्न सक्नेछ।

२. उपभोक्ता समितिले आफ्नो कार्यक्षेत्र विस्तार गर्न गाउँपालिकाको अनुमती लिनुपर्नेछ।

३. दर्ता भएको उपभोक्ता समितिले कार्यक्षेत्र विस्तार गर्न देहाय बमोजिम आवश्यक कागजात पेश गरि रितपूर्वक गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ।

(क) कार्यक्षेत्र विस्तार गर्नको कारण र औचित्य सहित साधारण सभाले पारित गरेको निर्णय,

(ख) उपभोक्ता समितिको बैठकको निर्णय,

(ग) उपभोक्ता समितिको दर्ता प्रमाण पत्रको प्रतिलिपी,

(घ) उपभोक्ता समितिको स्वीकृत विधान १ प्रति

(ङ) नियमानुसार शुल्क तिरेको नगदी रसिद,

४. रितपूर्वक कार्यक्षेत्र विस्तारको लागि गाउँपालिकामा निवेदन पेश हुन आए पछि विस्तार गरिने कार्यक्षेत्र र कायम गरिने जलश्रोत(मूल) समेतको विवरण उल्लेख गरि विस्तार गर्न लागिएको सम्बन्धित कार्यक्षेत्र र वडा कार्यालयमा १/१ प्रति १५ दिने सूचना टाँस गर्न पत्र सहित पठाउनु पर्नेछ। वडा कार्यालयवाट सूचना टाँस गरेको सार्वजनिक मुचुल्का सहितको जानकारी गाउँपालिकामा पठाउनुपर्नेछ।

५. यसरी सूचना टाँसको जानकारी प्राप्त भए पश्चात कुनै उजुरी पर्न नआएमा विस्तारित जलश्रोत क्षेत्र र कार्यक्षेत्र समेत कायम गरि गाउँपालिकावाट निर्णय गर्न सक्नेछ।

६. कुनै उजुरी पर्न आएमा सो उजुरी उपर गाउँपालिकाको न्यायिक समितिमा छलफल हुँदा उजुर गर्ने पक्षले उजरी फिर्ता गरेमा वा मिलापत्र गरेमा खानेपानी उपभोक्ता समिति दर्ता गर्न वाधा पर्नेछैन।

२६.जिल्ला जलस्रोत समितिवाट दर्ता भईसकेका खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता नवीकरण गर्नुपर्नेः-

१. यो कार्यविधि स्वीकृत भए पश्चात एक पटकका लागि गाउँपालिकाले जिल्ला जलस्रोत समितिको सचिवालयवाट यस अघि दर्ता भई कार्यान्वयनमा रहेका आफ्नो गाउँपालिका क्षेत्र भित्रका सबै खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुलाई नवीकरणको लागि आवेदन दिनको लागि १ महिने सूचना जारी गर्नुपर्नेछ।

२. सूचना जारी भए पश्चात यस अघि दर्ता भई कार्यान्वयनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुले सम्बन्धित गाउँपालिकामा दर्ता प्रमाण पत्रको प्रतिलिपी सहित निकरणको आवेदन दिनु पर्नेछ।

२७.खारेजी र बचाउः-

१. सङ्घीय एवं प्रदेश कानुनले अन्यथा व्यवस्था गरेमा यो कार्यविधि स्वतःखारेज भएको मानिनेछ।

२. यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरु नेपालको प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हद सम्म स्वत निस्कृय हुनेछ।

३. यस अघि मुहान दर्ता सम्बन्धि कार्यविधि,२०७७ बमोजिम भए गरेका कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

४. मुहान दर्ता सम्बन्धि कार्यविधि,२०७७ खारेज गरिएको छ।

# अनुसूचि-१
## दफा(८) को उपदफा १ सँग सम्बन्धित
## उपभोक्ता समितिको तर्फवाट पेश गर्ने निवेदन ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
छत्रकोट गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय
चोयगा,गुल्मी।

महोदय,

हामिले ...................... खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गरि मूल/मुहान सहित संस्थागत रुपमा दर्ता गर्न चाहेकोले छत्रकोट गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति र मुहान दर्ता तथा नवीकरण व्यवस्थापन कार्यविधि,२०७८ बमोजिम उपभोक्ता समिति दर्ताको लागि अनुरोध छ।

<u>**विवरण**</u>

१. उपभोक्ता समितिको नामः-
२. कार्यक्षेत्रः-
३. कार्य उद्देश्यहरुः-
४. कार्य समितिका तदर्थ समितिहरु

| क्र.सं. | पदाधिकारीहरुको नाम थर | ठेगाना | पद | पेशा | सम्पर्क नं. | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | अध्यक्ष | | | | |
| २ | | | उपाध्यक्ष | | | | |
| ३ | | | कोषाध्यक्ष | | | | |
| ४ | | | सचिव | | | | |
| ५ | | | सदस्य | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | | | सदस्य | | | | |
| ७ | | | सदस्य | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |

आवश्यकता अनुसार राख्न सकिने

५. उपयोग गरिने जलश्रोतको विवरणः-

(क) जलश्रोत(मूल) रहेको ठाउँको नाम र श्रोतको नामः-

(ख) जलश्रोत रहेको श्रोतको किसिमः-

(ग) जलश्रोतवाट गरिने प्रयोगः-

(घ) जलश्रोत उपयोग गर्न चाहेको परिमाण खुलाउनेः-

(ङ) जलश्रोतको हाल प्रयोगको अवस्थाः-

६. उपभोक्ता समितिले पु¥याउन चाहेको सेवा सम्बन्धी विवरणः-

(क) सेवाको किसिमः-

(ख) सेवा पुर्याउने क्षेत्रः-

(ग) सेवावाट लाभान्वित हुने घर परिवार संख्याः-

.................. जनसंख्याः-.................

(घ) भविस्यमा सेवा विस्तार गर्न सकिने वा नसकिनेः-

७. आर्थिक स्रोतको विवरणः-

८. कार्यालय रहेन ठेगानाः-

९. संलग्न कागजातहरुः-

(क) उपभोक्ता समितिको विधानः-

(ख) उपभोक्ता समितिको पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी

(ग) आम भेलावाट उपभोक्ता समिति गठन सम्बन्धी निर्णयको प्रतिलिपी

(घ) जलश्रोत रहेको तथा उपयोग गरिने क्षेत्रको अवस्था झल्किने नक्सा

(ङ) गाउँपालिकामा दर्ता वापत दस्तुर बुझाएको नगदी रसद

(च) खानेपानीको श्रोत तथा उपभोक्ता समिति गठनमा कुनै विवाद  छैन भनी वडा कार्यालयले गरेको दर्ता गरिदिने व्यहोराको सिफारिस पत्र

निवेदक

दस्तखत.......................

नाम थरः-

पदः

ठेगाना

सम्पर्क नं.

मितिः-

# अनुसूचि-२
## दफा(१०) को उपदफा १ सँग सम्बन्धित
## गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति र मुहान दर्ता सम्बन्धी १५ दिने सार्वजनिक सूचना

छत्रकोट गाउँपालिका अन्तर्गत वडा नं-....................मा रहेको ...........................श्रोतको पानीवाट श्रोत उपयोग गर्ने गरि छत्रकोट गाउँपालिका वडा नं. ...........को.....................गाउँ/बस्तीहरुमा शुद्ध पिउने पानी आपूर्तिका लागि आयोजना संचालन तथा व्यवस्थापन गर्न श्री .............................को अध्यक्षतामा उपभोक्ता समिति गठन गरि श्री ....................खानेपानी तथा सरसफाई उपभोक्ता समिति संस्थागत रुपमा दर्ता गर्न भनी आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश हुन आएको छ।यस सम्बन्धमा उपभोक्ता समिति गठन तथा जलश्रोतको उपयोगका सम्बन्धमा कोहि कसैको उजुरी तथा गुनासो छ भने प्रमाण सहित सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र वडा कार्यालय/छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि योग सूचाना प्रकाशित गरिएको छ।सूचना अवधि भर कारण सहित निवेदन पेश हुन नआएमा जलस्रोतको मुहान सहित सम्बन्धित उपभोक्ता समिति दर्ता हुने र यस विषयमा पछि सुनुवाई नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

वडा अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत

**अनुसूचि-३**

**(खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गरि उपलब्ध गराईने प्रमाण पत्रको ढाँचा)**

छत्रकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चोयगा,गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

## खानेपानी तथा सरसफाई उपभोक्ता समिति र मूल दर्ता प्रमाण- पत्र

दर्ता नः-..........

दर्ता मितिः-..............

श्री ......................खानेपानी तथा सरसफाई उपभोक्ता समिति,

छत्रकोट गाउँपालिका वडा नं..........

....................,गुल्मी।

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा २ को (ध) बमोजिम यस गाउँपालिकावाट स्वीकृत खानेपानी तथा सरसफाई उपभोक्ता समिति र खानेपानी मुहान दर्ता तथा नवीकरण व्यवस्थापन कार्यविधि,२०७८ बमोजिम छत्रकोट गाउँपालिकाको मिति........................... को जलस्रोत समितिको बैठकको निर्णय अनुसार वि.सं. ................साल ..................महिना ..........गतेमा यस

कार्यालयमा दर्ता गरि यो प्रमाण पत्र प्रदान गरिएको छ।विधान बमोजिम आफ्ना कार्यहरु संचालन गर्नुहोला।

(जलश्रोतको मुहान/मूलको) नामः-

..................................................................)

स्थानः-

**प्रमाण दर्ता पत्र जारी गर्ने अधिकारीको**

दस्तखतः-.............................

नामः-

पदः-

मितिः

अनुसूचि-४

(खानेपानी तथा सरसफाई उपभोक्ता समिति र मूल दर्ता नविकरण सम्बन्धी विवरण) प्रमाण पत्रको पछाडी

# नविकरण सम्बन्धी विवरण

| दर्ता नं- | अशुलि आ.व. | नवीकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | कर/नवीकरण दस्तुर/शुल्क/जरिवाना तिरेको रसिद नं. | नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नोटः

१. जुन आ.व.मा नविकरण गरिएको हो सोही आ.व. को असार मसान्त सम्म मात्र बहाल रहने अवधि कायम हुनेछ।

२. नविकरण गर्दा प्रत्येक आ.व. समाप्त भएको ६ महिना भित्र गरिसक्नु पर्दछ।

३. आ.व. समाप्त भएको ६ महिना भित्र नविकरण नगरेमा नियमानुसार विलम्ब दस्तुर लाग्नेछ।

अनुसूचि-५

(खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता नविकरण पुस्तिकाको ढाँचा)

छत्रकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चोयगा,गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

**खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नविकरण अभिलेख किताब**

दर्ता नः-..........

दर्ता मितिः-..............

गुल्मी जिल्ला छत्रकोट गाउँपालिका, ................वडा नं.......................टोलमा खानेपानी आयोजना सञ्चालन,व्यवस्थापन तथा मर्मत संभार गर्ने प्रयोजनका लागि **छत्रकोट गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति र मुहान दर्ता तथा नवीकरण व्यवस्थापन कार्यविधि,२०७८** बमोजिम श्री..........................................................खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई निम्न विवरण सहित दर्ता गरि प्रमाण पत्र जारी गरियो।

खानेपानी तथा सरसफाई उपभोक्ता समितिको नामः-

ठेगानाः-

मुहान/मुलको नामः-

स्थानः-

उपभोक्ता समिति अध्यक्षको सहि तयार गर्नेको सहि

जारी गर्नेको सहि

# नविकरण सम्बन्धी विवरण

| दर्ता नं- | अशुलि आ.व. | नवीकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | कर/नवीकरण दस्तुर/शुल्क/जरिवाना तिरेको रसिद नं. | नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आज्ञाले
कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत